कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा

# शीलवन्दी दरभाउपत्र आव्हानको सूचना

**चौथो पटक प्रकाशित मिति: २०७७/८/२४**

यस गाउँपालिकाको निर्णय एवं आर्थिक ऐन २०७७ दफा १२ अनुसार गाउँपालिकाले उठाउन पाउने सेवा शुल्क निर्धारण गरे बमोजिम देहायका ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा संस्थाले देहायको शर्तहरुको अधिनमा रही बढाबढमा शिलबन्दी दरभाउपत्र पेश गर्न १५ (पन्ध्र) दिने यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**ठेक्काको विवरण**

| सि. नं | ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम अंक (भ्याट बाहेक) | शीलवन्दी दरभाउपत्र दस्तुर | शीलवन्दी दरभाउपत्र खरिद गर्ने म्याद | शीलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | शीलवन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ०९/०७७-७८/राजश्व | विज्ञापन कर | ५,८९,५००/- अक्षरेपी पाँच लाख उनानब्बे हजार पाँच सय मात्र | १,०००/- | २०७७।९।८ कार्यालय समय भित्र | २०७७।९।९ १२ बजे भित्र | २०७७।९।९ २ बजे |

**शर्तहरु सहित विस्तृत सूचना यस कार्यालयको वेवसाइट kamalmun.gov.np मा राखिएको व्यहोरा समेत अनुरोध छ।**

१. शीलवन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक खरिदकर्ता (फर्म वा संस्था) ले तल उल्लेख भए अनुसारको दरभाउपत्र दस्तुर यस कार्यालयमा बुझाई प्राप्त गर्न सकिनेछ।

२. खरिद भएका शीलवन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको १२ बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, कामको विवरण, शीलवन्दी दरभाउपत्र खरिदकर्ताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई शीलवन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता अनुसार शीलवन्दी दरभाउपत्र पेश गर्न सकिनेछ। खरिदकर्ताले आफुले पेश गरेको शीलवन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न चाहेमा शीलवन्दी दरभाउपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा २४ (चौविस) घण्टा अगावै शीलवन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न पेश गर्न तोकिएको अन्तिम समयभित्र शीलवन्दी निवेदन पेश गर्नु पर्नेछ।

३. कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्दा नागरिकताको प्रमाण पत्र, VAT दर्ता प्रमाण पत्र, २०७६/७७ को कर चुक्ता प्रमाण पत्र, विज्ञापन सम्बन्धी कारोवार गर्ने इजाजत पत्र र तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरी) वुझाई माथि उल्लेखित मितिभित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ।

४. माथि उल्लेखित न्यूनतम अंक भएको आन्तरिक आयको ठेक्का स्वीकृत भएपश्चात् सम्झौताका बखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोकेअनुसार मूल्य अभिवृद्धि कर (VAT) आफुले कबोल गरेको अंकमा थप गरी हुन आउने रकम अग्रिम रुपमा एकमुष्ठ यसै कार्यालयमा बुझाउनु पर्नेछ। ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाउदा स्वीकृत अंकमा बढीमा १०% छुट दिन सकिनेछ।

५. शीलवन्दी दरभाउपत्र फारामहरु माथि उल्लेखित समयभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। सो समय भित्र पर्न आएका शीलवन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम मितिमा दिनको २ बजेपछि शीलवन्दी दरभाउपत्र खरिदकर्ता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा शीलवन्दी दरभाउपत्र खरिदकर्ता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि शीलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. शीलवन्दी दरभाउपत्र फाराम जसको नाममा खरिद गरिएको हो ? सोही फर्मको नाममा मात्र दाखिला गर्नुपर्नेछ।

७. शीलवन्दी दरभाउपत्र फारामा उल्लेखित कवोल अंकको ५% धरौटी रकम यस कार्यालयको एन.एम.बी वैंक, केर्खा स्थित धरौटी खाता नं. ०६४००५८१९६४०००८१ मा नगदै जम्मा गरेको सक्कलै वैंक भौचरको दोश्रो प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट जारी भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ। धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शिर्षकको धरौटी हो ? स्पष्ट उल्लेख गर्नु पर्नेछ।

८. शीलवन्दी दरभाउपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट भएको स्थानमा दस्तखत र छाप नभएमा मान्यता दिइने छैन् ।

९. शीलवन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । मुनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमाअनुसार रितपूर्वकको शीलवन्दी भरभाउपत्र खरिदकर्तालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ ।

१०. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ ।

११. ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा गाउँपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ । अन्य विभिन्न विषयमा गाउँपालिकाले दिएको निर्देशन अनिवार्य रुपमा पालना गनुपर्नेछ ।

१२. ठेक्का अवधि भुक्तान भईसकेपछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ताको पत्र पेश भएपछि मात्र धरौटी रकम वा बैंक ग्यारेन्टी फिर्ता गरिने छ । धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन । एकमुष्ठ रकम बुझाएपनि ठेक्का अवधिभर ५ (पाँच) प्रतिशत रकम धरौटी स्वरुप कार्यालयमा राखिनेछ । ठेक्का अवधिपश्चात् मात्र सो रकम फिर्ता गरिनेछ ।

१३. गाउँपालिकालाई रकम वुझाउनु पर्ने बाँकी वक्यौता भएका फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म निजको शीलवन्दी दरभाउपत्र स्वीकृत गरिने छैन ।

१४. शीलवन्दी दरभाउपत्र खामको बाहिर आफुले लिन चाहेको ठेक्काको ठेक्का नं., खरिदकर्ताको नाम र ठेगाना स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

१५. ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बांकी रकममा १०% व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१६. ठेक्का अवधि २०७७ श्रावण १ देखि २०८० आषाढ मसान्तसम्म ३ (तीन) वर्षको हुनेछ ।

१७. कर र शुल्क उठाउन पाउने सामाग्रीहरुको विवरण शीलवन्दी दरभाउपत्र फाराम साथ प्राप्त हुनेछ ।

१८. शीलवन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

१९. कुनै पनि शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका शीलवन्दी दरभाउपत्र माथि कारवाही हुने छैन ।

२०. माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु प्रचलित कानून तथा गाउँपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन् ।

२१. यस कार्यालयको छाप र कार्यालय प्रमुख र निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको शीलवन्दी दरभाउपत्रलाई मान्यता दिईनेछैन् ।

२२. गैरकानुनी रुपले सम्झौता विपरित कार्य गरेमा ठेक्का तोडी सम्पूर्ण हर्जना तिराई कालो सूचीमा राख्ने तर्फ कार्यवाही चलाईनेछ ।

२३. सुचना अवधिमा कुनै परिपत्र, निर्देशन तथा निर्णय भई सूचना संशोधन तथा थपघट गर्नु परेमा सार्वजनिक सूचना गरी जानकारी गराईनेछ ।

२४. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । बन्द, हड्ताल जस्ता असामान्य परिस्थिति भए / परेमा नेपाल सरकारको नीतिगत निर्णयको आधारमा मात्र निर्णय गर्न सकिनेछ ।

२५. **मिन्हा माफी तथा छुट सम्वन्धमा:** यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलानपूर्जी जारी गरिएपछि कूनै किसिमको मिनाहा वा छुट हुने छैन । यस सूचनाका शर्तबाहेक ठेक्काका अन्य शर्तहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

२६. अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा गाउँपालिकाको कार्यालय ०२३-४७५०८१ वा योजना अधिकृत श्री रामचन्द्र गजुरेल ९८५२६८३७२७ सम्पर्क राख्न सकिनेछ ।

२७. विज्ञापन करको न्युनतम अङक आ.व २०७७/७८ को लागि मात्र हुनेछ । त्यस पछि प्रत्येक आ.व.मा वोल कवोल अङमा १० प्रतिशतले दरले थप गर्दै लैजाने गरी उक्त ठेक्का ३ वर्षको हुनेछ ।

कमल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तोपगाछी, झापा १ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत